म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ९३ बुधबार २२ कात्तिक २०८० ने. सं. ११४३ कौलागा 8 November 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कन्टेनर दुर्घटनामा सापकोटा गम्भीर

हेटौंडा, २१ कात्तिक/ हेटौंडा उपमहानगरपालिका-१७ र मकवानपुरगढी-२ को सीमाना क्षेत्र सालपार्कस्थित कान्तिलोकपथ सडकखण्डमा सवारी दुर्घटना हुँदा एक जना गम्भीर घाइते भएका छन् ।


घाइते हुनेमा रौतहट चन्द्रपुर नगरपालिका-३ बस्ने बर्ष ३० को फटिप्रसाद सापकोटा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । प्रहरी नायव उपरीक्षक भण्डारीका अनुसार, मंगलबार बिहान साढे ६ बजेको समयमा काठमाडौंबाट विरगञ्जतर्फ जान हेटौंडा आउँदै गरेको ना ६ ख ४७२० नम्वरको प्लाष्टिकको सामान लोड कन्टेनर सडक छेउमा पल्टिएको हो ।

घाइते सापकोटा उक्त कन्टेनरको सहचालक हुन् । घाइते उनको सहकारी अस्पताल हेटौंडा पठाएकोमा त्यहाँ उपचार सम्भव नभएपछि थप उपचारको लागि काठमाडौंतर्फ पठाएको प्रहरी नायव उपरीक्षक भण्डारीले बताए । कन्टेनर चालक प्रहरीको सम्पर्कमा रहेको र घटनाको बारेमा आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ ।

# प्रहरी असई सुवेदीको 'आत्महत्या' शंकास्पद, परिवारले दियो जाहेरी

साझाकुरा संवाददाता

हेटौंडा, २१ कात्तिक/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिका घर भएका प्रहरी सहायक निरीक्षक (असई) यमबहादुर सुवेदीको आत्महत्या घटना शंकास्पद बनेको छ ।






घटना स्थलमा मृतक सुवेदीको शवको अवस्था, शरीरमा देखिएको निलडामले उनको 'आत्महत्या' नभई हत्या भएको हुन सक्ने देखिएको छ । मनहरी-७ बिजौना घर भएका सुवेदी मंगलबार बिहान साढे ६ बजे हेटौंडा-११, नवलपुरस्थित सहिद स्मारकमाथि वनदेवी मन्दिर नजिक जंगलमा रुखमा पासो लगाई झुण्डिएको अवस्थामा भेटिएका थिए । स्थानीयले मानिस झुण्डिरहेको अवस्थामा देखेपछि प्रहरीलाई खबर गरिएको थियो ।

सुवेदी बागमती प्रदेशका भौतिक पूर्वाधार तथा योजनामन्त्री युवराज दुलालका अंगरक्षक हुन् । प्रहरी सहायक निरीक्षक पदमा कार्यरत् सुवेदीको दुई छोरी र एक श्रीमती छन् । उनका दुई छोरीहरु हेटौंडामा बसेर पढ्दै आएका थिए । मृतक सुवेदीको आफन्तका अनुसार उनको घरमा कुनै समस्या नभएको र आर्थिक कारोबार पनि राम्रो नै थियो । 'उहाँको घरमा र आर्थिक समस्या भएको थाहा थिएन । सबै राम्रै थियो ।', मृतकका एक आफन्तले भने । सामान्य अवस्थाबाट मन्त्रीको अंगरक्षकको रुपमा जागिरे जीवन बिताउँदै आएका सुवेदीको आत्महत्या शकांस्पद बनेसँगै परिवारले मंगलबार नै जिल्ला प्रहरी कार्यालय मकवानपुरमा जाहेरी दर्ता गराएको छ ।

परिवारले आत्महत्यामा शंका उत्पन्न भएको भन्दै जाहेरी दिएपछि परिवारले अनुसन्धान अघि बढाएको मकवानपुरका प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । 'परिवारबाट जाहेरी आएको छ । जाहेरी आएपछि शव पोष्टमार्टम गरिएको हो । आज (मंगलबार) साँझ शवको दाहसंस्कार गरिँदैछ ।', डिएसपी भण्डारीले साँझ साझाकुरासँग भने । शव पोस्टमार्टमका लागि हेटौंडा अस्पतालमा ल्याइएको थियो । पोष्टमार्टम भइसकेको र रिपोर्ट आउन समय लाग्ने डिएसपी भण्डारीले जानकारी दिए ।

अंगरक्षक मृत्यु भएको घटना बुझ्न पुगेका भौतिक पूर्वाधार तथा योजनामन्त्री दुलालले प्रभावकारी अनुसन्धान गर्न प्रहरीलाई निर्देशन दिएका छन् । उनले अनुसन्धानमा आवश्यकताअनुसार सहयोग गर्ने प्रतिबद्धता पनि जनाएको मृतक सुवेदीको परिवारले जानकारी दिए । मकवानपुर प्रहरीले घटनाको प्रारम्भिक अनुसन्धान सकेको डिएसपी भण्डारीले बताए । डिएसपी भण्डारीले सुवेदीको आत्महत्या वा हत्या भन्ने विषयमा अहिले नै भन्न नसकिने बताए । 'प्रारम्भिक अनुसन्धान सकिएको छ । पोष्टमार्टम रिपोर्ट नआई भन्ने सकिने अवस्था हुँदैन । अनुसन्धानको विषय भएकाले मैले अहिले नै यही हो भनेर भन्न मिल्दैन ।', भण्डारीले भने ।

मृतकका भाइ इन्द्र सुवेदीले घटना शंकास्पद देखिएको भन्दै निष्पक्ष छानबिनको माग गरे । मृतक सुवेदीले आफूले लगाएको पेटी खोलेर त्यसैलाई पासो बनाई रुखमा झुण्डिएको प्रहरी अनुसन्धानले देखाएको छ । तर, पेटीमा झुण्डिएको उनको शरीरको आधा भाग जमिनमा लत्रिएको छ । पासो लगाउँदा पेटी पनि सग्लै अवस्थामा हुनु र शरीर जमिनमा लत्रिनुले शंकास्पद बनाएको छ । मृतक सुवेदीको शरीरको विभिन्न भागमा नीलडाम देखिएको भन्दै परिवारले घटना शंकास्पद मानेको हो । एक आफन्तकाअनुसार सुवेदीको खुट्टामा रातो डाम रहेको छ ।

आफन्तकाअनुसार मृतक सुवेदीको घाँटीको हड्डी भाँचिएको र खुट्टा तथा जिउमा नीलडाम देखिएको छ । सुवेदी सोमबार साँझ साढे ६ बजे घटनास्थल तल रहेको सहिद स्मारक गेटबाट अगाडि बढेको सीसीटीभी फुटेजबाट देखिएको उनको परिवारले जानकारी दिएको छ । स्मारक गेटबाट उनी सिधै उत्तरमा अर्थात जंगलतर्फ हतारहतार हिँडेको सीसीटिभी फुटेजमा देखिएको छ । सुवेदी स्मारकबाट निस्किएर पश्चिमतर्फ (हेटौंडा बजारतर्फ) आउनुपर्नेमा उत्तरतर्फ अर्थात जंगल क्षेत्र किन हिँडे भन्ने विषय नै शंकास्पद छ । सुवेदी सरकारी क्वाटरमा बस्दै आएको उनको परिवारले जनाएको छ । साँझमा डिउटी सकिएपछि क्वाटरतर्फ जानुपर्ने उनी स्मारक कसरी र किन पुगे ? भन्ने विषय शंकास्पद छ । उनको साथमा पर्स पनि नभएको पाइएको छ ।

**पत्रकार ढकालको हत्या घटनासँग मिल्दोजुल्दो**

प्रहरी असई सुवेदीको आत्महत्या शंकास्पद बनिरहँदा ५ वर्षअघि हेटौंडामै भएको पत्रकार मनोहर ढकालको हत्या घटनासँग मिल्दोजुल्दो देखिएको छ ।

ढकालको हेटौंडा-१, भैरवडाँडामा २५ पुस २०७५ मा शंकास्पद रुपमा मृत्यु भएको थियो । प्रहरी अनुसन्धानले ढकालको हत्या चार जनाले गरेको पुष्टि भएको थियो । सहिद स्मारक गेट अगाडि घर जाँदै गरेका ढकाल राप्ति पुलबाट कसरी उकालो भैरवडाँडातर्फ जंगलमा पुगे भन्ने विषय हालसम्म पनि गर्भमै छ । ढकाल जस्तै प्रहरी सुवेदी उत्तरतर्फ जंगल किन हिँडे भन्ने विषय शंकास्पद छ ।

ढकालको हातमा लगाइएको सुनको औंठी चोरी गरेर उनको हत्या गरिएको थियो । दैनिक लागूऔषध सेवन गर्ने समूहले सुन देखेपछि उनको हत्या गरेर औंठी बिक्री गरेका थिए । प्रहरी सुवेदीको साथमा रहेको पर्स नहुनुले पत्रकार ढकालकै घटनासँग मिल्दोजुल्दो रहेको शंका उत्पन्न भएको छ ।

## जिसस मकवानपुरको नवौं जिल्लासभा

साझाकुरा संवाददाता




हेटौंडा, २१ कात्तिक/जिल्ला समन्वय समिति मकवानपुरको नवौं जिल्ला सभा सोमबार भएको छ । भदौभित्र भइसक्नुपर्ने जिल्ला सभा ढिलो गरी २० कात्तिकमा भएको हो ।

सभाले जाजरकोट र रुकुममा गएको भूकम्पका कारण ज्यान गुमाएकाहरु प्रति श्रद्धञ्जली व्यक्त गर्दै शोक प्रस्ताव पारित गरेको छ । भूकम्पबाट पीडित परिवारका लागि मकवानपुरका सबै पालिकाहरुबाट जिससको समन्वयमा राहत संकलन गरि सहयोग गर्ने निर्णय भएको छ । सभाले जिसस मकवानपुरको आयव्यय विवरणसहित बजेट पारित गरेको छ भने जिसस मकवानपुरले गर्ने कार्यक्रमहरुको अख्तियारी प्रदान गर्ने निर्णय समेत गरेको जिसस प्रमुख ललित बहादुर घलानले जानकारी दिए । यसैगरी ढुंगा गिट्टी, बालुवाको निकासी सम्बन्धमा नीतिगत व्यवस्थाका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय सभाले गरेको छ ।

लागूऔषध गाँजाको वैकल्पिक व्यवस्थाका लागि प्रदेश र संघमा आवश्यक बजेट व्यवस्थापनका नीम्ति माग गर्ने निर्णय भएको जिसस प्रमुख घलानले बताए । जिल्ला सभालाई सम्बोधन गर्दै बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेशको राजधानी हेटौंडा र नाम बागमतीलाई यताउता नहुने बताए । उनको राजधानी र नाम परिवर्तन गर्नुपर्ने अभिव्यक्ति विवादमा आएको थियो । आफ्नै भनाईलाई खण्डन गर्दै उनले आफूले राजधानी र नाम फेर्नुपर्ने नभनेको र अपायक परेको मात्रै बताएको बताए । 'प्रदेश राजधानी र नाम परिवर्तन गर्ने कुरा गरेको होइन।', उनले भने ।

प्रदेशको नाम राखिसकिएको र राजधानी बनिसकेको अवस्थामा दायाँबायाँ नहुने उनले स्पष्ट पारे । आफूले प्रदेशको राजधानी सार्छु नभनेको उनको जिकिर थियो । कात्तिक पहिलो हप्ता मुख्यमन्त्री जम्कट्टेलले बागमती प्रदेशको नाम र राजधानी परिवर्तन गर्नुपर्ने बताएका थिए । मध्यपुर थिमिमा नेकपा (माओवादी केन्द्र) मध्यपुर नगर समितिले आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा उनले बागमती प्रदेशको नाम र राजधानी दुवै अनुपयुक्त रहेको बताएको खबर विभिन्न माध्यमबाट बाहिर आएको थियो ।

## क्रिकेट रंगशाला निर्माणमा बागमती सरकारको ७० प्रतिशत लगानी

हेटौंडा, २१ कात्तिक/ धुर्मुस-सुन्तली फाण्डेशनले चितवनमा निर्माण सुरु गरेर बीचमै अलपल पारेको गौतमबुद्ध क्रिकेट रंगशालाको जिम्मेवारी प्रदेश सरकार र भरतपुर महानगरपालिकाले लिएका छन ।

चितवनमा विगत डेढ वर्षदेखि निर्माण रोकिएको गौतमबुद्ध क्रिकेट रंगशाला निर्माण बागमती सरकार भरतपुरले गर्ने भएको हो । मंगलबार हेटौंडामा बागमती प्रदेश सरकार र भरतपुर महानगरपालिका बीच भएको संयुक्त बैठकले उक्त रंगशाला निर्माणका लागि लगानी गर्ने सहमति भएको हो । बागमतीका मुख्यमन्त्री शालिकराम जम्कट्टेलसहित भरतपुर महानगरकी मेयर रेणु दाहालको उपस्थितिमा रंगशाला निर्माणमा बागमती सरकारले ७० प्रतिशत लगानी गर्ने सहमति बनेको छ ।

भरतपुर महानगरपालिकाको ३० प्रतिशत आर्थिक सहयोग हुने जनाइएको छ । प्यारापिट र क्रिकेट पिच निर्माणका लागि ७० करोड लाग्ने अनुमान छ । बैठकले यसअघि भएका आर्थिक क्रियाकलाप र ऋण सम्बन्धी सम्पूर्ण जिम्मेवारी महानगरपालिका र संघीय सरकारले व्यवस्थापन गर्ने र केही दिनभित्र ठेक्का आह्वान गरी रंगशाला निर्माणको काम अघि बढाउने सहमति भएको जनाइएको छ । महानगरपालिकाले तयार पारेको पहिलो चरणको लागत अनुमानको प्रस्ताव अनुसार काम सुरु गरिने छ ।

महानगरपालिकाले पहिलो चरणमा १० हजार दर्शक अट्ने प्यारापिटसहित क्रिकेट पिच र मैदान निर्माणको काम गर्ने निर्णय भएको जनाएको छ । बैठकमा प्रदेश सरकारका अर्थमन्त्री बहादुर सिं लामा, सामाजिक विकासमन्त्री कुमारी मोक्तान, भरतपुर महानगरपालिकाको उपप्रमुख चित्रसेन अधिकारी, बागमती प्रदेशका प्रमुख सचिव घनश्याम उपाध्याय महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नरेन्द्रकुमार रानालगायतको उपस्थिति थियो । भरतपुर महानगरका इञ्जिनियर सन्तोष आचार्यका अनुसार अहिले भइरहेको तल्लो तहको प्यारापिटको एक तहमाथि प्याराफिट निर्माण गरिने छ ।

खेलाडी बस्ने ठाउँ, पार्किङ व्यवस्थापन, भित्री सडकको व्यवस्थापनलगायतका काम यसै चरणमा हुने उनले बताए । आचार्यले दुई वर्षभित्रमा काम सम्पन्न हुने गरी ठेक्का सम्झौतामार्फत काम अघि बढाइने बताए । भरतपुर महानगरपालिका-१५ मा गौतमबुद्ध अन्तर राष्ट्रिय क्रिकेट रंगशालाको काम रोकिएको दुई वर्षभन्दा बढी भइसकेको छ । २० बिघा ६ कठ्ठा जग्गामा निर्माण थालिएको क्रिकेट रंगशालाको काम रकम अभावमा २०७८ साउन २० गते रोकिएको थियो ।

## भूकम्प प्रभावितलाई बागमतीका कर्मचारीको १ करोड २५ लाख

साझाकुरा संवाददाता

हेटौंडा, २१ कात्तिक/ जाजरकोट र पश्चिम रुकुममा गएको भूकम्पबाट प्रभावित बनेकाहरुलाई राहत, उद्दार र पुन:स्थापनामा बागमती प्रदेशका कर्मचारीहरुले सहयोग गर्ने भएका छन् ।

बागमती प्रदेशका प्रमुख सचिव घनश्याम उपाध्यायको अध्यक्षतामा मंगलबार बसेको बैठकले गत कात्तिक १७ गते गएको भूकम्पका कारण कर्णाली प्रदेशको जाजरकोट, रुकुम पश्चिमलगायतका जिल्लाका प्रभावितहरुको सहयोगका लागि आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भएको हो । बैठकले जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भई गत शुक्रबार राति गएको भूकम्पले ठुलो मात्रामा जाजरकोट र रुकुम पश्चिम लगायतका जिल्लामा जनधनको क्षति पुगेकोमा दु:ख व्यक्त गर्दै आर्थिक सहयोग गर्ने निर्णय गरेको हो ।

बैठकले भूकम्पबाट प्रभावितलाई राहत तथा पुन:स्थापनाको लागि बागमती प्रदेशअन्तर्गत कार्यरत् प्रमुख सचिव, प्रदेश सचिव एवं सो सरहका पदाधिकारीको ३ दिनको तलब, अधिकृत स्तरका कर्मचारीको २ दिनको तलब र अन्य सबै कर्मचारीको १ दिनको तलब कर्णाली प्रदेश विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरेको प्रमुख सचिव उपाध्यायले जानकारी दिए । उनका अनुसार उक्त रकम संकलन गरी कर्णाली प्रदेश सरकारको खातामा जम्मा गरिने छ । प्रदेश सरकार मातहत कार्यरत प्रमुख सचिव, सचिव, अधिकृत र अन्य कर्मचारीहरुको उक्त दिनको तलब रकम अनुमानित १ करोड २५ लाख रुपैयाँ हुन आउने उनले बताए ।

## दुई वटा पसललाई जरिवाना


हेटौंडा, २१ कात्तिक/ जिल्ला प्रशासन कार्यालय मकवानपुरले चाडपर्व लक्षित गरेको बजार अनुगमनको क्रममा दुई वटा पसललाई जरिवाता गराएको छ ।

मंगलबार ६ वटा किराना पसलमा गरिएको अनुगमनमा दुई वटा किराना पसललाई जरिवाना गराइएको मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी झिरेन्द्रप्रसाद चापागाईले जानकारी दिए । हेटौंडा-१० टिसिएन रोडस्थित विवेक किराना पसलले स्वीकृति नलिई किराना भनेर तरकारी बिक्री भइरहेको पाइएपछि १० हजार जरिवाना गराइएको उनले बताए । कर्राको बाबा वैद्यनाथ खाद्यान्न भण्डारमा म्याद गुज्रिएको खाद्य सामग्री भेटिएपछि दुई बोरा मखाना, बिस्कुट, मस्यौरा, च्यापति, सुप, पापड जफद गरिएको छ ।

बिल विजक नभएकोले बाबा वैद्यनाथलाई ५ हजार जरिवाना तिराइएको चापागाईले जानकारी दिए । प्रशासनले सोमबार पनि बजार अनुगमन गरेर कानुनविपरित सञ्चालनमा रहेका पसलहरुलाई जरिवाना गराएको थियो । प्रशासले १९ कात्तिकमा बजारमा कालोबजारी भए, अखाद्य वस्तु बिक्री भइरहेको पाएमा सम्पर्क गर्न अनुरोध गरेपछि मंगलबार सर्वसाधारणले सूचना दिएका थिए । सोही सूचनाको आधारमा प्रशासनको टोली बजार अनुगमनमा निस्किएको थियो ।

सहायम प्रमुख जिल्ला अधिकारी चापागाईका अनुसार बजारमा बढ्दो चिनीको अभाव भएको गुनासो आएपछि गरिएको अनुगमन टोलीले उपमहानगरपालिका क्षेत्रमा रहेको दुई वटा पसलबाटमा मात्रै २ सय ८३ बोरा चिनी भेटिएको र उक्त चिनी बजारमा नियमित रुपमा विक्री वितरण गर्न निर्देशन समेत दिइएको छ । अनुगमन टोलीले अनुगमनका क्रममा १ पसलबाट ७ हजार ९ सय ३० रुपैयाँ बराबरको म्याद गुज्रिएका सामान बरामद गरेको छ ।

आयो है तिहार बम्पर अफर !
मासु प्रतिकेजी रु. ३००।-
शुभ दीपावली (तिहार)को अवसरमा चिकेन हाउस सगौरव प्रस्तुत गर्दछः
कुखुराको मासु रु.३००।- प्रतिकेजी मात्र ।
साथै
१० केजी मासु खरिदमा १ क्रेट अण्डा सितैमा
५ केजीभन्दा माथिको खरिदमा नि:शुल्क होम डेलिभरी सुविधा
यही २०८० कात्तिक १९ देखि २९ गतेसम्म




चिकेन हाउस
हेटौंडा-४, पारिजातपथ, ९८०११२१८३२, ९८५५०७९७४७

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞कार वास भित्र/बाहिर
☞वायरिङ मर्मत




☞A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# विशेष योजनाबिना बालश्रममुक्त असम्भव

मकवानपुर जिल्लाको मनहरी गाउँपालिकालाई देशमै पहिलो बालमैत्री गाउँपालिका घोषणा गरियो । निकृष्ट श्रम गर्ने बालबालिकाको संख्या नभएको भन्दै गाउँपालिकालाई बालश्रममुक्त गाउँपालिका त घोषणा गरियो । तर, बालबालिकाको क्षेत्रमा लामो समयदेखि कार्य गर्दै आएको सिविन बाल हेल्पलाइनले गरेको अध्ययनले गाउँपालिकाको २, ४, ६ र ८ नम्बर वडाका सात हजार १४ जना बालबालिकामध्ये तीनसय ५१ जना बालबालिका बालश्रममा रहेको देखाएको छ । यसबाट योजनाविहीन तरिकाबाट घोषणा गरेर मात्रै बालश्रम न्यूनीकरण नहुने तथ्य प्रष्ट भएको छ ।

बालश्रममा जानुको कारणहरुमा आर्थिक, घरेलु हिंसा, साथीभाइहरुको प्रभाव, आर्थिक सहयोगका लागि परिवारबाट दबाव, रोजगारदाताद्वारा प्रभावित पारेर, पढाइमा रुचि नभएर नभएरलगायत छन् । बालश्रममा लागेका बालक दुई सय ३९ जना र बालिका एक सय १२ जना छन् । बालश्रममा घरेलु बालश्रम र गलैंचा कारखाना र यातायात क्षेत्रमा बढी बालबालिका कार्यरत् रहेको पाइएको छ । बालश्रममुक्त गाउँपालिका घोषणा गर्न तय गरिएको न्यूनतम मापदण्ड र सूचकहरुको आधारमा मनहरी गाउँपालिकालाई बालश्रममुक्त गाउँपालिका त घोषणा गरियो तर, त्यसले दीगोपन हासिल गर्न नसकेको स्पष्ट पारेको छ । घोषणाको अवधिसम्म मापदण्ड र सूचकहरु पूरा भयो होला तर, त्यसलाई निरन्तरता दिन भने गाउँपालिका असफल भएको स्पष्ट देखिएको छ ।

लोककल्याणकारी राज्य संरचना निर्माणको परिकल्पना साकार पार्न स्थानीय सरकारहरु लागिपरेका छन् । तर, त्यसको दीगोपनको लागि विशेष योजनाहरु भने बनाएको पाइएको छैन । बालश्रम मुक्त बनाउन के कस्ता योजनाहरु ल्याइए ? श्रम गर्न बाध्य बालबालिकाको परिवारको समस्या, तिनका अभिभावकहरुले गर्ने कार्यहरु, त्यसमा स्थानीय सरकारको तर्फबाट गर्नुपर्ने टेवामूलक कामहरु, आयमूलक कार्यहरुमा अभिभावकको सहभागिता, अनुदान कार्यक्रममा उनीहरुको पहुँच, बालश्रम गर्ने बालबालिकाहरुलाई श्रमबाट फर्काइएपछि उनीहरुको शिक्षादीक्षाको व्यवस्थापन, भरणपोषणको व्यवस्था, उनीहरुबाट आश्रित अभिभावको अवस्था लगायत विषयमा विशेष अध्ययन गरेर 'विशेष कार्यक्रम' नल्याई बालश्रममुक्त बनाउन खोज्नु निरर्थक छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० कात्तिक २३ गते बिहीबार, ९ नोभेम्बर २०२४ ।एकादशी, कात्तिक कृष्णपक्ष । कौलागा ११४३ ने.सं. । सूर्योदय ६:२१, सूर्यास्त ५:१३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कुरा काट्नेहरु सक्रिय हुने | तुला | : स्वास्थ्य बिग्रन सक्ने |
| वृष | : नयाँ काम हात पर्ने | वृश्चिक | : रमाइलोगरि समय बित्ने |
| मिथुन | : कार्यान्तरण हुन सक्ने | धनु | : राजनीतिमा प्रगति हुने |
| कर्कट | : शुभ समाचार सुन्न पाइने | मकर | : शारीरिक परिश्रम गर्नुपर्ने |
| सिंह | : अनावश्यक खर्च बढ्ने | कुम्भ | : पढाइमा प्रगति हुने |
| कन्या | : भोजको अवसर मिल्ने | मीन | : विश्वासमा संकट आउने |

# प्रधानमन्त्री कुलपति रहिरहे रोकिन्न विश्वविद्यालयको बर्बादी



✍ समिक बडाल

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. धर्मकान्त बास्कोटाले बिदाइ हुँदै गर्दा अर्थपूर्ण अभिव्यक्ति दिए– प्रधानमन्त्री कुलपति रहने व्यवस्था बदलौं । हामीले वर्षौंदेखि भन्दै आएको कुरा पनि त्यही हो । किनकि विश्वविद्यालयको शासकीय संरचना पुनर्गठन नगरी हाम्रो विश्वविद्यालयहरूको प्रगति सम्भव छैन । त्यसैले प्रधानमन्त्री मानार्थ नेतृत्व रहने व्यवस्था बदल्नु विश्वविद्यालय सुधारको महत्वपूर्ण कदम हुनेछ । त्यसको विकल्पमा अवधारणा छन् । तर विश्वविद्यालयको कार्यकारी नेतृत्वको रूपमा बोर्ड अफ ट्रष्टीको अवधारणाप्रति हामीले जोड दिन उत्तम हुन्छ ।

### विश्व परिवेश

सम्बन्धित देशको राजनैतिक व्यवस्था र ऐतिहासिक पृष्ठभूमिले विश्वविद्यालय सञ्चालन विधि निर्धारण गर्ने गरेको पाइन्छ । प्रसिद्ध रहेको एउटा अवधारणामा शासन सत्ताको कुनै पद वा कुनै सामाजिक/धार्मिक संस्थाको कुनै पदमा रहेको व्यक्ति मानार्थ कुलपति हुने र उसले विश्वविद्यालयको नेतृत्व गर्ने प्रचलन पाइन्छ ।

अर्को अवधारणा कुनै समिति वा बोर्डको मातहतमा कुलपति, अध्यक्ष वा सभापति नियुक्त हुने र उसैको नेतृत्वमा विश्वविद्यालय सञ्चालन हुने गर्दछ । परम्परागत रूपमा रहेको विश्वविद्यालयमा राष्ट्राध्यक्ष/सरकारप्रमुख अथवा त्यस्तै कुनै निश्चित व्यक्तिलाई मानार्थ कुलपति मान्ने प्रचलन छ । आधुनिक अवधारणामा चाहिं सरोकारवालाहरूको सहभागितामा योग्य र विश्वविद्यालयसँग सम्बन्धित व्यक्ति नियुक्त हुन्छन् ।

आधुनिक अवधारणाबाट सञ्चालित विश्वविद्यालयहरूमा कुलपति नियुक्त गर्दा सर्च कमिटी गठन गर्ने र कुलपतिको लागि दरखास्त आह्वान गर्ने गरी चयन हुने उपयुक्त व्यक्तिले विश्वविद्यालयको नेतृत्व गर्छन् । त्यस्तो सर्च कमिटीमा विश्वविद्यालयका प्राध्यापक, विद्यार्थी, भूतपूर्व विद्यार्थी, कर्मचारी, सल्लाहकार लगायत हुन्छन् ।

कुनै कुनै विश्वविद्यालयले कुलपति नियुक्त गर्ने जिम्मा कुनै स्वतन्त्र निकायलाई दिन्छन् । त्यस्तो निकायले निश्चित मापदण्डको आधारमा कुलपति नियुक्त गर्छन् । कैयौं विश्वविद्यालयले बढुवा गरेर कुलपति नियुक्त गर्छन् । ट्रष्टीबाट विश्वविद्यालयको नेतृत्व चयन गर्ने प्रक्रियामा योग्यता, अनुभव र प्राज्ञिक पृष्ठभूमिका व्यक्तिहरूको संलग्नता हुन्छ । यसले विश्वविद्यालयको दिनानुदिनका जिम्मेवारी बहन गर्नेदेखि भावी योजना तर्जुमामा प्रभावकारिता आउँछ ।

राष्ट्रप्रमुख, सरकारप्रमुख अथवा अन्य त्यस्तै निश्चित व्यक्तिलाई कुलपति नियुक्त गर्ने प्रक्रियाका आफ्नै विशेषता र कमजोरी छन् । राष्ट्रप्रमुख वा सरकारप्रमुख कुलपति हुँदा विश्वविद्यालयको प्रतिष्ठा बढ्नेसँगै आर्थिक प्रबन्धमा सहज हुने विश्वास गरिन्छ ।

त्यस्तो विश्वविद्यालयलाई आन्तरिक र बाह्रय सम्बन्ध विस्तारमा सहयोग पुग्न सक्छ । यस्तो प्रणालीसँग कमजोरी पनि प्रशस्तै छन् । राष्ट्र सञ्चालनमा बढी केन्द्रित हुँदा विश्वविद्यालयलाई आवश्यक समय दिन सक्दैनन् । जसको कारण विश्वविद्यालय अनिर्णयको बन्दी हुने सम्भावना रहन्छ ।

राजनैतिक व्यक्ति विश्वविद्यालयको प्रमुख हुँदा आवश्यक भन्दा बढी राजनीतीकरण हुने सम्भावना रहन्छ । विश्वविद्यालयका अवयवलाई पक्ष र विपक्षमा विभक्त बनाउँछ । जबकि विश्वविद्यालय प्राज्ञिक क्षेत्र हुन् । त्यसैले प्राज्ञिक क्षेत्रबाट नै नेतृत्व आउनुपर्छ । तर राष्ट्रप्रमुख वा सरकारप्रमुख विश्वविद्यालयको नेतृत्वमा रहँदा विश्वविद्यालयले विषय विज्ञ नेतृत्वको सम्भावना गुमाउँछ । अन्य सरोकार वालाहरूको भूमिका कमजोर बन्छ ।

संस्थाको मूल नेतृत्व राजनीतिक हुँदा अरू नियुक्ति पनि अपारदर्शी ढंगले हुन्छन् । नेतृत्वको अधिनायकत्व स्थापित हुँदा विश्वविद्यालयको निर्णय प्रक्रिया स्वेच्छाचारी बन्ने सम्भावना रहन्छ । तर स्वतन्त्र व्यक्ति विश्वविद्यालयको नेतृत्वमा स्थापित गर्दा विषयविज्ञ, प्राज्ञिक व्यक्तित्व र सबल नेतृत्वले नियुक्ति पाउने सम्भावना रहन्छ । विश्वविद्यालयले वास्तविक स्वायत्तता र स्वतन्त्रताको अनुभूति गर्न पाउँदछन् । राजनैतिक हस्तक्षेप न्यूनीकरण गर्न सकिन्छ ।

मूल नेतृत्व छनोट एउटा प्रक्रियाबाट हुँदा अरू नियुक्ति प्रक्रियामा पनि सुधार देखिन्छ । त्यसैले राष्ट्रप्रमुख वा सरकारप्रमुख कुलपति हुने अभ्यासबाट विश्वका अधिकांश विश्वविद्यालय स्वायत्त बोर्ड अफ ट्रष्टी र स्वतन्त्र रूपमा नियुक्त कुलपतिले सञ्चालन गर्नेतर्फ उन्मुख छन् ।

जसले गर्दा विश्वविद्यालयको नेतृत्व चयनमा लोकतन्त्रीकरण, पारदर्शी, उत्तरदायी र प्रभावकारी बन्दै गएको देखिन्छ । मुख्य कुरा त बोर्ड अफ ट्रष्टीले विश्वविद्यालय सञ्चालन गर्दा प्राज्ञिक नेतृत्वको सुनिश्चितता हुन्छ । त्यस्तो नेतृत्वले विश्वविद्यालयमा प्राज्ञिक स्वायत्तताको सुनिश्चितता गर्छ र प्राज्ञिक गुणस्तर बढाउँछ ।

बोर्ड अफ ट्रष्टीले नियुक्त गर्ने कुलपतिसँग योग्यता, अनुभव र समय हुने भएकाले प्राज्ञिक प्रशासन सञ्चालन प्रभावकारी बन्छ । अझ निरन्तर सरकार बदलिरहने देशहरूमा बोर्ड अफ ट्रष्टी उचित हुन्छ ।

विश्वविद्यालयको प्राज्ञिक अवस्थामा सुधार ल्याउन १८औं तथा १९औं शताब्दीमा विश्वभर चलेको अभियानको उपलब्धि स्वरुप विश्वविद्यालयको सञ्चालन विधि स्वायत्त बनाउने तथा स्वतन्त्र बोर्ड अफ ट्रष्टीको विधि अपनाउन थालिएको हो । शक्तिपृथकीकरणको सिद्धान्तले पनि विश्वविद्यालयमा राष्ट्रप्रमुख वा सरकारप्रमुख कुलपति हुने व्यवस्था निस्तेज गर्न बल पुग्यो ।

त्यसो त दोसो विश्वयुद्ध पछिको शीतयुद्धकालीन अवस्थामै विश्वविद्यालय सञ्चालनका प्रक्रियामा परिवर्तन देखा पर्न थालेको हो । सो अवधिमा विश्वविद्यालयहरू रणनैतिक मञ्चको रूपमा विकसित हुन थाले, जसको कारण विश्वविद्यालयहरूलाई पनि पूर्ण क्षमतामा चलाउने, सरकारले विश्वविद्यालयलाई आफ्नो पक्षमा पार्न पर्याप्त सुधार गर्ने लगायत प्रयत्न भए ।यसै समय विश्वविद्यालयमा सरोकार वालाहरूका विभिन्न समिति बन्न थाले र ती समितिले विश्वविद्यालय सञ्चालनमा अधिकार माग्न थाले । यसले विश्वविद्यालयको सञ्चालन तथा निर्णय प्रक्रियामा सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्न थाल्यो । जसले गर्दा विश्वविद्यालय सञ्चालन प्रक्रिया प्रजातान्त्रिक र सहभागितामूलक हुन थाल्यो ।

विश्वव्यापीकरण र भूमण्डलीकरणले पनि विश्वविद्यालयको सञ्चालनमा प्रत्यक्ष प्रभाव पारेका छन् । भूमण्डलीकरणले अन्तर विश्वविद्यालय सम्बन्धको दायरा फराकिलो बनाउँदै गयो । विश्वविद्यालयहरूले एकल रूपमा सञ्चालन गर्ने कार्य निरुत्साहित गर्न थाल्यो । अन्तर विश्वविद्यालय सम्बन्ध तथा सहकार्यको दायरा फराकिलो हुँदै जान थाल्यो । विद्यार्थी तथा शिक्षकहरूको अन्तरदेशीय बसाइँसराइ बढ्न थाल्यो, जसको कारण एउटा विश्वविद्यालयको प्राज्ञिक गुणस्तरको कुरा विश्वव्यापी सरोकारको विषय हुनेभयो । जसको कारण सबै विश्वविद्यालयहरूमा प्राज्ञिक स्वायत्तता कायम गर्ने र प्राज्ञिक गुणस्तरलाई विश्वव्यापी रूपमा मान्यता प्राप्त गराउनुपर्ने बाध्यता देखा पर्न थाल्यो ।

त्यस्तै, विद्यार्थी तथा शिक्षकहरूको बढ्दो बसाइँसराइको कारण पनि विश्वविद्यालयलाई आफ्नो प्राज्ञिक गुणस्तरमा निरन्तर वृद्धि गर्नुपर्ने र त्यसको लागि योग्य नेतृत्वको सदैव आवश्यकता हुनेभयो । गुणस्तरको यो दौडमा विश्वविद्यालयले चुस्त रूपमा निर्णय गर्नुपर्ने अवस्था सृजना हुन थाल्यो, जसको कारण अत्यन्त प्रभावकारी बोर्ड अफ ट्रष्टी तथा त्यसले नियुक्त गर्ने सक्षम कुलपतिको नेतृत्वमा विश्वविद्यालय सञ्चालन हुने दिशामा विश्वविद्यालयहरू जान थाले ।

तर नेपालमा अहिले पनि प्रधानमन्त्री कुलपति रहने व्यवस्था छ । दिल्ली विश्वविद्यालयको प्रमुख भारतको राष्ट्रपति हुने व्यवस्था छ । सिंगापुरको राष्ट्रपति नेशनल युनिभर्सिटी अफ सिंगापुरको कुलपति हुने व्यवस्था छ । विश्वका कतिपय विश्वविद्यालयमा पनि यो व्यवस्था छ । तर, विस्तारै यो अभ्यास कमजोर बन्दै गएको छ र यो अभ्यास अपवादको रूपमा अस्तित्वमा रहने देखिन्छ ।

समयक्रमसँगै राष्ट्रप्रमुख, सरकारप्रमुख वा कुनै शासकीय पदको व्यक्ति कुलपति हुने व्यवस्थाबाट बोर्ड अफ ट्रष्टीद्वारा कुलपति नियुक्त हुने क्रम निरन्तर चलिरहेको छ । संयुक्त राज्य अमेरिकाको युनिभर्सिटी अफ क्यालिफोर्नियामा पहिलो क्यालिफोर्नियाको गभर्नर मानार्थ कुलपति (बोर्ड अफ ट्रष्टीको प्रमुख) हुने व्यवस्था थियो । तर, उक्त पदलाई स्वायत्त बनाउन ट्रष्टीद्वारा औपचारिक छनोटको प्रक्रियाद्वारा कुलपति नियुक्त गर्ने अभ्यासको थालनी भयो ।

अष्ट्रेलियाको अष्ट्रेलियन नेशनल युनिभर्सिटीमा पहिले प्रधानमन्त्री कुलपति हुने व्यवस्था थियो, तर अहिले विश्वविद्यालय काउन्सिलले कुलपति नियुक्त गर्ने प्रक्रिया सुरु गरिएको छ । केन्याको युनिभर्सिटी अफ नैरोबीमा केन्याको राष्ट्रपति कुलपति हुने व्यवस्थाको अन्त्य गरेर विश्वविद्यालय काउन्सिलले खुल्ला प्रतिस्पर्धा मार्फत कुलपति नियुक्त गर्ने व्यवस्था गरिएको छ ।

फिलिपिन्सको राष्ट्रपति फिलिपिन्स विश्वविद्यालयको कुलपति हुने व्यवस्था थियो, त्यहाँ अहिले स्वतन्त्र बोर्ड अफ ट्रष्टीले कुलपति नियुक्त गर्ने व्यवस्था छ । दक्षिण अफ्रिकाको युनिभर्सिटी अफ केपटाउनमा पनि पहिला दक्षिण अफ्रिकाको राष्ट्रपति कुलपति हुने व्यवस्था थियो, त्यसलाई परिमार्जन गरेर खुल्ला प्रतिस्पर्धा मार्फत कुलपति नियुक्त गर्ने व्यवस्थाको सुरुवात गरिएको छ ।

बेलायतको अक्सफोर्ड विश्वविद्यालय र भारतको युनिभर्सिटी अफ दिल्लीमा पनि मानार्थ कुलपतिको अधिकारमा अत्यधिक कटौती गरेर बोर्ड अफ ट्रष्टी वा त्यस्तै निकायलाई शासकीय अधिकारहरू प्रदान गरिएको छ ।

हार्वर्ड विश्वविद्यालय, स्ट्यान्फर्ड विश्वविद्यालय, म्यासाचुसेट्स इन्ष्टिच्युट अफ टेक्नोलोजी, युनिभर्सिटी अफ टोरन्टो, युनिभर्सिटी अफ सिड्नी लगायत विश्वका अधिकांश विश्वविद्यालयमा बोर्ड आफ ट्रष्टी मार्फत विश्वविद्यालय स्वायत्त रूपमा सञ्चालित छन् ।

विश्वविद्यालयलाई विद्यमान कानुन अनुरुप सञ्चालन गर्न, विश्व बजारमा प्रतिपर्धात्मक बन्न र प्राज्ञिक जिम्मेवारीलाई कुशलतापूर्वक बहन गर्न बोर्ड जिम्मेवार हुन्छ । बोर्डलाई प्रविधिसँग समायोजन गराउँदै जाने र परिवर्तित शैक्षिक वातावरणमा अनुकूल बनाउँदै जाने जिम्मेवारी पनि हुन्छ । सिंहदरबारको अधिकार गाउँगाउँ गए पनि त्रिभुवन विश्वविद्यालय कीर्तिपुरको चौघेरामै रह्यो । हाम्रा विश्वविद्यालय सञ्चालनको संरचना अत्यन्त केन्द्रीकृत र भद्दा छ । यसलाई तत्काल विकेन्द्रित, स्वायत्त र चुस्त नबनाउने हो भने विश्वविद्यालयहरू खण्डहर मा रूपान्तरित हुने प्रक्रिया रोकिने छैन ।

विश्वभर प्रचलनमा रहेका केही अभ्यासलाई आधार मानेर हेर्दा विश्वविद्यालयको बोर्ड अफ ट्रष्टीको गठन निश्चित कानुनी आधारमा गरिएको हुन्छ । विश्वविद्यालयलाई स्वायत्त इकाइको रूपमा विकसित गर्ने अवधारणा अनुरुप प्राय: विश्वविद्यालयहरूको सञ्चालन आफ्नै आन्तरिक कानुनी व्यवस्था अनुरूप हुन्छन् ।

बोर्ड अफ ट्रष्टीको सदस्यमा विश्वविद्यालयसँग सरोकार राख्ने सरकारी अधिकारी, भूतपूर्व विद्यार्थी, प्राध्यापक, स्थानीय समुदाय, व्यावसायिक संघसंस्था, दाता, कर्मचारी र विद्यार्थी आदिका प्रतिनिधिहरू हुन्छन् । यिनीहरूको क्लस्टरबाट कुन आधारमा सदस्य तय गर्ने भन्ने कुरा पनि नियमावलीमा स्पष्ट पारिएको हुन्छ । मुख्य रूपमा क्षमताको आधारमा निष्पक्ष छनोट प्रक्रिया वा निर्वाचनको आधारमा सदस्य छनोट गरिन्छ ।

बोर्ड अफ ट्रष्टीको अर्को महत्वपूर्ण विशेषता भनेको यसले विश्वविद्यालय सञ्चालनको नेतृत्व भविष्यमा कसको काँधमा आउँछ भन्ने कुरा निर्क्योल गर्न सक्छ । मानार्थ कुलपति हुने कुरा सरकार गठन, निर्वाचन जस्ता भविष्य निर्धारण गर्न जटिल संरचनामा आधारित हुन्छ ।

### नेपालको सन्दर्भ

नेपालमा पछिल्लो तीन दशकमा थुप्रै परिवर्तन भए पनि विश्वविद्यालयहरूको संरचनामा परिवर्तन देखिएन । प्रधानमन्त्रीको अधिनायकत्व र केन्द्रीकरण जारी रह्यो । राज्य समावेशी संरचनामा रूपान्तरित भयो, त विश्वविद्यालयहरूमा परम्परागत समूहकै वर्चस्व कायम छ ।

बदलिएको राजनीतिक-सामाजिक वस्तुस्थितिका आधारमा पनि अब विश्वविद्यालय सञ्चालन संरचना बदल्न आवश्यक छ । नेपालमा त्रिभुवन विश्वविद्यालय २०१६ सालमा र २०४३ सालमा नेपाल संस्कृत विश्वविद्यालयको स्थापना भयो ।

पञ्चायतको अन्त्यपछि काठमाडौं विश्वविद्यालय (२०४८), पोखरा विश्वविद्यालय (२०५४), पूर्वाञ्चल विश्वविद्यालय (२०५२), लुम्बिनी विश्वविद्यालय (२०६०), मध्यपश्चिमाञ्चल विश्वविद्यालय (२०६८), सुदूरपश्चिम विश्वविद्यालय (२०६७), नेपाल कृषि तथा वन विश्वविद्यालय ((२०६८), नेपाल खुला विश्वविद्यालय (२०७३), राजर्षि जनक विश्वविद्यालय (२०७४), गण्डकी विश्वविद्यालय (२०७६), मनमोहन प्राविधिक विश्वविद्यालय (२०७६) र मधेश कृषि विश्वविद्यालय (२०७८) मा स्थापना भयो ।

त्रिभुवन विश्वविद्यालय र नेपाल संस्कृत विश्वविद्यालय शासकीय दृष्टिकोणबाट रणनैतिक महत्वका थिए । शासकले आफूलाई आवश्यक पर्ने विचारको निर्माण यिनै विश्वविद्यालयबाट गरे । तर, समयक्रमसँगै शासकीय व्यवस्थालाई चाहिने विचार निर्माणमा यी विश्वविद्यालयहरूको भूमिका गौण भइसकेको छ । संस्कृत विश्वविद्यालय त अस्तित्व रक्षाको अवस्थामा पुगेको छ । तर विश्वविद्यालय सञ्चालनको संरचना बदलिएको छैन ।

पहिले राज्यका धेरै इकाइहरू विकसित भइसकेका थिएनन्, विश्व व्यवस्थासँग नेपालको सम्बन्ध कमजोर थियो । तसर्थ, विश्वविद्यालयको नेतृत्वको भूमिका निर्वाह गर्न सरकारप्रमुखसँग समयको उपलब्धता पनि थियो ।

तर, आज सरकारप्रमुखले निर्वाह गर्नुपर्ने भूमिका विस्तार भएको छ । सरकार प्रमुखले विश्वविद्यालयको नेतृत्वको रूपमा जति समय दिनुपर्ने हो त्यति समय दिन सक्ने अवस्था छैन । अर्कातिर सरकारप्रमुख सदैव राजनैतिक व्यक्ति हुँदा विश्वविद्यालयहरूको नेतृत्व चयन राजनीतीकरणले ग्रस्त छ ।

विश्वविद्यालयका पदाधिकारी, प्राध्यापक र कर्मचारी राजनीतिक रूपमा नियुक्त हुने समस्या छ । विद्यार्थी राजनीतिक रूपमा विभाजित छन् । अनि परिणाम भने हाम्रा विश्वविद्यालयहरूले विश्व बजारमा प्रतिस्पर्धा गर्न योग्य विद्यार्थी उत्पादन गर्न सकिरहेका छैनन् । तसर्थ विश्वविद्यालयहरूलाई विश्वस्तरमा प्रतिस्पर्धी बनाउनु तत्कालको मुख्य दायित्व हो । त्यो दायित्व विश्वविद्यालयको नेतृत्व छनोट विधि परिवर्तन गरेर सुरु गर्नुपर्छ । (बडाल अनेरास्ववियुका केन्द्रीय अध्यक्ष हुन् ।)

*साभार: अनलाइनखबर*

# जाजरकोट भूकम्प र विपत् व्यवस्थापनको चुनौती

✍ नारायण ज्ञवाली

आठ वर्षअघि गएको भूकम्पले दिएको पीडा र त्रास बिर्सिन नपाउँदै कात्तिक १७ गते राति फेरि जाजरकोट केन्द्रबिन्दु बनाएर अर्को ६.४ रेक्टरको भूकम्प गयो । यसले धेरै धनजनको क्षति भएको छ । जसमा १५७ जनाभन्दा बढीको मृत्यु भयो भने कैयौं घर तथा भौतिक संरचना भत्किएका छन् । विश्वमै भूकम्पको उच्च जोखिमयुक्त देशमध्ये नेपाल ११ औं नम्बरमा पर्छ । पटक पटक गएका साना ठूला भूकम्पले जनधनको धेरै क्षति गरेको छ । मापनको हिसाबले जाजरकोट केन्द्रबिन्दु बनाएर गएको यो भूकम्प त्यति ठूलो स्केलको होइन तर त्यसको असर भयानक भने देखियो । सयौंको सङ्ख्यामा मानिसको मृत्यु भयो भने हजारौं घर तथा भौतिक संरचना भत्किए । सामाजिक सञ्जाल रङ्गियो । मानिस फेरि सडकमा निस्के । अनि पुन: चर्चा भयो भूकम्पको असर र यसबाट बच्ने उपायहरूका बारेमा । विज्ञलगायत धेरैले आफ्नो हैसियत अनुसारको सुझाव र ज्ञान बाँढ्न थालेका छन् । हाम्रो एउटा कमजोरी के पनि हो भने घटनापछि जति आत्तिन्छौं, तात्तिन्छौं र अनुभव लिन्छौं तर समय क्रमसँगै सबै बिर्सिएर पुरानै लयमा बग्न थाल्छौं । सरकार र पार्टीहरूले राहत वितरण गर्न सुरु गरेका छन् । हेलिकप्टर लिएर सरकारी संयत्र उद्धार राहत वितरणमा खटियो । श्रद्धाञ्जली र समवेदना दिन सामाजिक अभियन्तासहित ठुला र साना नेताहरू तँछाडमछाड नै गरेको देखियो । यसका आफ्नै प्रभाव र पाटा होलान् ।

प्राय: भूकम्पको असर पहाडी क्षेत्रमा धेरै देखिन्छ । नेपालको धेरैजसो पहाडी इलाकामा अझ पनि तत्काल उद्धार र आपत्कालीन सेवा दिन गाह्रो छ । त्यसैले भूकम्पपछि घाइतेको उद्धार र सुरक्षित व्यवस्थापन नै हाम्रो मुख्य चुनौती हो । त्यसबाहेक चर्किएका र जीर्ण घर तुरुन्तै निर्क्योल गरेर त्यस्ता जोखिमयुक्त घरका मानिसलाई अन्यत्र व्यवस्थापन गर्नु दोस्रो चुनौती हो । यी दुई उपायले भूकम्प गैसकेपछिको अवस्थामा क्षति कम गर्न मद्दत गर्छ । त्यसबाहेक हरेक स्थानीय तहले वैकल्पिक मार्ग निर्माण गर्नु उपयुक्त हुन्छ । भूकम्पपछि मुख्यत: पहिरोको पनि सम्भावना हुनाले उद्धारमा समस्या हुन सक्छ । तसर्थ वैकल्पिक मार्गको बारेमा समयमै सोच्नु बुद्धिमानी हो ।

त्यसपछि सरकार, सरकारी संयन्त्र र दाताहरूको भूमिका भनेको राहत वितरण, उपयुक्त र प्रयाप्त मात्रामा खाना, पानी, औषधी र बासको प्रबन्ध गराउनु हो । मृत शरीरको व्यवस्थापन गर्नु पनि ठूलो चुनौतीको विषय हो । यसमा विशेष ध्यान दिन जरुरी हुन्छ ।यी माथिका कार्यहरू भूकम्पपछिको अल्पकालीन व्यवस्थापनमध्येका हुन् । तर नेपाल जस्तो देशमा सधैं भुइँचालो गएपछि मात्रै राहत र व्यवस्थापनमा मात्रै अल्झिएर बस्नु थप क्षति कुर्नु हो । हाम्रो जस्तो अल्प विकसित मुलुक, हरेक तहमा राजनीतिक प्रभाव र जनताको चेतना स्तरको मूल्याङ्कन गर्दा कति कुरा दीर्घकालीन बनाउन कठिन हुँदोरहेछ । जस्तै- भूकम्पको जोखिम न्यूनीकरणसम्बधी नीति बनाएर त्यसको कार्यान्वयन गर्दा नेता, पार्टी र सरकार जति लोकप्रिय हुन्छ त्योभन्दा धेरै लोकप्रिय र प्रशंसा भूकम्प आउना साथ नेताले दिएको समवेदना र राहतको घोषणा जस्ता कार्यले हुदोरहेछ । अझ कुन नेताले पहिले समवेदना पस्के, कुन नेताले हेलिकप्टर चडे, कसले कति राहत घोषणा गरे जस्ता कुराले महत्त्व राख्छ । राजनीतिक र मानवीय हिसाबले पनि यो फाइदाजनक हुदोरहेछ । हाम्रा मिडिया र कार्यकर्ताले समेत यस्तै कार्यलाई प्रोत्साहन गरेको देखिन्छ । हुन पनि भूकम्प गइसकेपछि पहिलो जिम्मेवारी र कर्तव्य पनि त्यहीं नै हो । तर यी यावत् कुरा अल्पकालीन हुन् । यसले तत्काल फाइदा गरे पनि अर्को विपत्ति आउनलाई रोक्ने वा कम क्षति हुने ल्याकत राख्दैन ।*क्रमश :*

# रश्मिकापछि कट्रिनाको भिडियोमा पनि छेडखानी



नयाँ दिल्ली / यति बेला बलिउड दक्षिण भारतीय अभिनेत्री रश्मिका मन्दनाको डीपफेक भिडियोका कारण तरंगित छ । रश्मिकाको कान्ड सेलाउन नपाउँदै कट्रिनाको छेडखानी भएको फोटो अहिले भाइरल बनिरहेको छ ।

टाइगर ३ को एक दृश्यमा कट्रिनाले तौलियामा बेरिएर एउटा फाइट सिन दिएकी थिइन् । सो दृश्यको छायांकन निकै गाह्रो भएको हालै मात्रै कट्रिनाले बताएकी थिइन् ।

अहिले चर्चामा रहेको सोही सिनको एउटा फोटोमा कसैले छेडखानी गरेर इन्टरनेटमा अपलोड गरिदिएको छ ।

छेडखानी गरिएको फोटोमा तौलिया बेरिएको हिस्सा हटाएर भित्री वस्त्र देखाइएको छ । यो पनि डिपफेकै काम हो कि होइन भनेर चाँहि खुलासा भएको छैन ।

जारा पटेल नाम गरेकी युवतिको भिडियोमा रश्मिका अनुहार राखेर बनाइएको एउटा भिडियो भाइरल बनेपछि यो प्रविधिप्रतिको चिन्ता र चासो बढेको छ । आफ्नो नक्कली भिडियो बनाउनेलाई कारबाही गर्न रश्मिकाले माग गरेकी छिन् ।

अभिताभ बच्चन लगायत बलिउड कलाकारहरूले पनि यस मामिलामा कडाइका साथ प्रस्तुत हुन अधिकारीसँग माग राखेका छन् ।

# विशेष अवस्थामा शिक्षकको सरुवा गर्न निर्देशिका जारी




काठमाडौं /शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विशेष अवस्थामा स्थायी शिक्षकको सरुवा गर्न निर्देशिका जारी गरेको छ । विशेष कारणको अवस्थामा रहेको सामुदायिक विद्यालयका शिक्षकको व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका २०८० जारी भएको हो ।

शिक्षा ऐन, २०२८ को दफा १९ (क) तथा शिक्षा नियमावली २०५९ को नियम (९) को खण्ड (ङ) ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले उक्त निर्देशिका जारी गरेको हो ।

अब विशेष अवस्थामा स्थायी शिक्षकको एउटा विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्न बाटो खुलेको हो । अर्को विद्यालयमा पठाउनुपर्ने आधार पहिचान तथा विश्लेषण गर्न, विशेष कारणसम्बन्धी विषयलाई व्यवस्थित, अनुमानयोग्य, वस्तुनिष्ठ र वास्तविकतामा आधारित बनाउन र न्यूनतम तथा अधिक सेवा अवधिको कारण विशेष कारणबाट प्राप्त गर्ने सुविधालाई सहजीकरण गर्न निर्देशिका जारी गरेको हो ।विशेष कारण भएको अवस्थामा शिक्षकको सरुवा गर्न सकिने विषयलाई उक्त निर्देशिकाले सम्बोधन गर्नेछ । विशेष कारण भन्नाले निर्देशिका अनुसार कुनै शिक्षक नियुक्त भइसकेपछि आकस्मिक घटना वा आपतकालीन अवस्थामा परेकाले निजको जीवनलाई जोखिममुक्त गर्नुपर्ने वा नियुक्त भइसकेपछि प्रचलित कानुनबमोजिम परिभाषित घातक वा कडा रोग लागी सोको उपचार गर्नुपर्ने अवस्थाको कारण सम्झनुपर्छ ।

घातक वा कडा रोग वा कुनै दुर्घटनाको कारण स्थानीय अस्पताल र स्वास्थ्य केन्द्रमा उपचार हुन नसक्ने र निजलाई उपचारको सुविधा भएको स्थानमा तीन महिनाभन्दा बढी समयसम्म उपचार गर्नुपर्ने भनी नेपाल मेडिकल काउन्सिलले प्रमाणपत्र प्राप्त चिकित्सकको रायसहित जिल्ला वा प्रदेश वा नेपाल सरकारको अस्पतालको प्रमुखबाट सिफारिस भएको अवस्थामा विशेष सरुवा गर्न सकिनेछ ।त्यस्तै कुनै महिला शिक्षकलाई प्रजनन स्वास्थ्य सम्बन्धी कुनै कडा वा घातक रोग लागेमा वा कुनै घटनामा परेमा समेत विशेष सरुवा गर्न सकिने निर्देशिका उल्लेख छ ।त्यस्तै कुनै शिक्षक आकस्मिक घटनामा परी वा प्राकृतिक विपद्मा परी गम्भीर घाइते भएको अवस्थामा र अपाङ्गता सम्बन्धी सङ्घीय कानुन बमोजिमको 'क' 'ख' र 'ग' वर्ग अन्तर्गत परी शारीरिक अवस्थाको कारण नियुक्ति पाएको सम्बन्धित विद्यालयमा आवतजावत गरी पठनपाठन गर्न नसक्ने शिक्षकको हकमा समेत सरुवा गर्न सकिनेछ ।

त्यसरी सरुवा गर्दा जुन विषयको शिक्षक रिक्त भएको हो सो विषयको शिक्षक भएको अवस्थामा मात्र त्यसरी काम काजमा खटाउन सकिने निर्देशिका उल्लेख छ ।

# त्रिवि मैदानमा फ्लडलाइट जडान गर्न २७ करोड ४० लाखको ठेक्का



काठमाडौं / त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदान, कीर्तिपुरमा फ्लडलाइट जडान गर्नका लागि २७ करोड ४० लाख रुपैयाँमा ठेक्का लागेको छ ।सिनामंगलको एमएसआईपीएल-एएससी पावर जेभीले फ्लडलाइट जडानको लागि ठेक्का पाएको राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले जनाएको छ । २७ करोड ४० लाख २ हजार २२ रुपैयाँमा फ्लडलाइट जडानका लागि बोलपत्र प्रस्ताव गरेको उक्त कम्पनी छनोट भएको राखेपका एक अधिकारीले जानकारी दिए ।

नेपालले अन्तर्राष्ट्रिय क्रिकेटमा पछिल्लो एक वर्षभित्र लगातार सफलता हासिल गरेपछि त्रिवि क्रिकेट मैदानमा फ्लडलाइट जडान गर्नुपर्ने माग विभिन्न क्षेत्रबाट भएको थियो ।

आईसीसी क्रिकेट विश्वकप लिग टु मा नेपालले अन्तिम १२ मध्ये ११ खेल जितेर नेपालले एकदिवसीय अन्तर्राष्ट्रियको मान्यता कायम राख्नुका साथै विश्वकप छनोटमा स्थान बनाएपछि नेपाल सरकारले त्रिवि क्रिकेट मैदानमा फ्लडलाइट जडान प्रक्रिया अघि बढाउने घोषणा गरेको थियो । त्यसपछि राष्ट्रिय खेलकुद परिषदले फ्लडलाइट जडान गर्नका लागि दुई पटक टेन्डर आह्वान गरेपनि कुनै पनि कम्पनीले ठेक्का पाएको थिएन । फ्लडलाइट जडान भएपछि त्रिवि मैदानमा रातिको समयमा पनि खेल खेलाउन सकिनेछ ।

www.sajhakuranews.com

## हामी कसैसँग तर्सेका छैनौं: प्रधानमन्त्री प्रचण्ड

# सिंहदरबारमा गणतन्त्रवादीहरू एकजुट



सिंहदरबारमा मंगलबार गणतन्त्रवादी दलका शीर्ष नेताहरूले छलफल गरेका छन्।गणतन्त्रमाथि यदाकदा प्रहार हुन थालेकोले मिलेर प्रतिवाद गर्ने उनीहरूले सामूहिक प्रतिबद्धतासमेत जनाएका छन्।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले २०६२ साल मंसिर ७ गते १२ बुँदे समझदारीमा हस्ताक्षर गरेका दलका नेताहरूलाई बोलाएर छलफल गरेका हुन्।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, नेपाल समाजवादी पार्टीका अध्यक्ष बाबुराम भट्टराईलगायत नेताहरू छलफलमा सहभागी रहेका थिए।

१२ बुँदे समझदारी, विस्तृत शान्ति सम्झौता, आन्दोलन, संविधानसभाबाट संविधान लेखनका पक्षधर परिवर्तनकारी राजनीतिक दलका नेताहरू एकै ठाउँमा बैठक गरिएको नेकपा माओवादी केन्द्रकी उपाध्यक्ष पम्फा भुसालले बताइन्। 'यदाकदा छिटपुट, पानीको फोकाजस्तो विभिन्न कोणबाट देखा परेका प्रहारहरूलाई मिलेर प्रतिवाद गर्ने भन्ने सबैको अभिव्यक्तिबाट निष्कर्ष निस्किएको छ,' भुसालले भनिन्, 'लडेर ल्याएको गणतन्त्रप्रति दलहरू प्रतिबद्ध हुनुहुन्छ।'

पक्षधर दलहरूलाई कुनै पनि विषयले नतर्साएको पनि उनले बताइन्। 'हामीले लडेर ल्याएको व्यवस्था हो यो। यसमा दलहरूले फेरि एउटा नयाँ प्रतिबद्धता गरिएको हो,' उनले भनिन्।

बैठकमा शान्ति प्रक्रियाका बाँकी काम छिटो पूरा गर्ने विषयमा पनि कुराकानी भएको थियो।

बैठकपछि पत्रकारहरूसँग कुराकानी गर्दै नेकपा (एमाले) का सचेतक महेश बर्तौलाले प्रधानमन्त्रीले १२ बुँदे समझदारी निर्माणमा महत्वपूर्ण भूमिका खेलेका पार्टीहरूका बीचमा समसामयिक राजनीतिक परिवेश लगायतबारे छलफल गरेको बताए।

'बैठकमा विभिन्न कोणबाट गम्भीरताका साथ छलफल भयो। हामीले पनि सरकारका कतिपय अकर्मण्यताका कारण मुलुकमा छात्रातन्त्र मौलाइरहेको छ, विद्यमान शासकीय प्रबन्धमाथि अनेकौं खालको चुनौती आउने काम भइरहेको छ। गृह प्रशासन कमजोर भएकोजस्ता विषयमा कुरा राख्यौं,' उनले भने, 'शान्ति, संविधान, विद्यमान व्यवस्था र जनतामा निराशा भइरहेको छ, भड्काउने र कपोलकल्पित प्रक्रिया चलिरहेको छ यसबारे पनि हामीले कुरा राख्यौं।'

मुलुकको व्यवस्था (गणतन्त्र) प्रति जनस्तरबाट भ्रामक टिप्पणी गराउने खेती भइरहेको पनि उनले बताए।'सरकारले ठिक ढंगले डेलिभरी दिन सकेन। त्यसले गर्दा जनतामा निराशा भयो, त्यसले हाम्रो व्यवस्था प्रहार गर्न थाल्यो,' उनले भने, 'अर्थतन्त्र पनि राम्रो छैन, सरकारले आफूलाई असुरक्षित महसुश गरेको छ।'

अर्थमन्त्रीसमेत रहेका कांग्रेसका प्रवक्ता प्रकाशशरण महतले शान्ति प्रक्रिया छिटो टुंग्याउनेलगायत राष्ट्रिय मुद्दाहरूमा साझा धारणा बनाउन बैठक गरिएको बताए। 'लामो संघर्षबाट अहिलेको संविधान बनेको हो। त्यसलाई रक्षा र संस्थागत गर्ने तथा राष्ट्रिय मुद्दाहरूमा साझा धारणासहित सँगै अघि बढ्ने कुराहरूमा नै छलफल केन्द्रित रह्यो,' उनले भने। उनले अहिलेको व्यवस्थाप्रति कतैबाट पनि त्राश नरहेको दाबी गरे। 'त्राश कहीँबाट पनि छैन, प्रचारमा बढाइचढाइ आएका छन्,' महतले पत्रकारहरूसँग भने, 'जनताको अधिकारलाई अहिलेको व्यवस्थाले सुनिश्चित गरेको छ। यो अधिकारबाट कोही बञ्चित हुन चाहन्छ? सामाजिक सञ्जालमा आधारहीन, प्रमाणहीन, अराजक प्रवृत्ति पनि छन्।'

प्रधानमन्त्री दाहालले संविधान र गणतन्त्रप्रति सबै दलबाट साझा प्रतिबद्धता आएको बताए। यसखाले बैठक निरन्तर राखिने उनले प्रतिक्रिया दिए। यो कुनै सन्त्रासको कुरा होइन। समय आएको छ, सामान्य समीक्षा गरौं भनेर बैठक गरेको हो,' दाहालले भने, 'कसैसँग पनि हामी तर्सेको छैन। संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रप्रति सबै दलबाट साझा प्रतिबद्धता आएको छ।'

# जुवा खेल्दै गरेका सातजना पक्राउ

काठमाडौं / बूढानीलकण्ठ नगरपालिका-११ कपन खरिबोटस्थित सुलभ ( नमस्ते) रेष्टुरेन्ट एन्ड स्नोकर हाउसमा जुवातास खेलिरहेको अवस्थामा सातजनालाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

उक्त स्नोकर हाउसमा ओखर खेलिरहेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरीले ललितपुर गोदावरी घर भई हाल काठमाडौं जिल्ला गोकर्णेश्वर नगरपालिका-८ बस्ने ३५ वर्षीया मिरू तामाङसमेत सातजनालाई नगद रु २३ हजार ६८० र आठ दाना ओखरसहित पक्राउ गरेको पनि प्रहरी प्रधान कार्यालयले जनाएको छ । यस सम्बन्धमा प्रहरी वृत्त बौद्धबाट आवश्यक अनुसन्धान भइरहेको छ ।

# जाजरकोट भूकम्प ....

***अब के गर्ने त ?***

अब गर्नुपर्ने मुख्य र पहिलो काम भनेको भूकम्प प्रतिरोधी संरचना निर्माण नै हो । महानगर पालिका वा नगरपालिकाले मात्र होइन अब हरेक गाउँपालिकाले पनि घर निर्माण गर्दा नक्सा पास गरेर मात्र बनाउनुपर्ने नीति तर्जुमा हुनु पर्छ । दीर्घकालीन रूपमा जोखिम न्यूनीकरणको योभन्दा अरू उपयुक्त उपाए अरू छैन । नक्सा पास गर्दा भूकम्प प्रतिरोधात्मक निर्माणको मापदण्ड अवलम्बन गराउनु पर्छ । जिम्मेवार पक्षले सूक्ष्म निरीक्षण र सुपरीवेक्षण गर्नु पर्छ ।

मानिसलाई के लाग्छ भने भूकम्प प्रतिरोधात्मक संरचना निर्माण गर्न सिमेन्ट र छडको प्रयोग गर्नै पर्छ अथवा यस्ता संरचना बनाउँदा थप खर्चिलो हुन्छ । यो कुरा पटक्कै होइन । हाम्रै गाउँठाउँमा उपलब्ध हुने ढुङ्गा, माटो र काठ वा बाँस प्रयोग गरेर पनि भूकम्पप्रतिरोधी संरचना बनाउन सकिन्छ । यस्ता संरचनाले पनि निरन्तर आइरहने यस प्रकारका सानातिना भूकम्प र पराकम्पको जोखिमलाई न्यूनीकरण गर्न सक्छ ।


अर्को मुख्य कुरा भूकम्पको हरेक आयामसम्बधी जनचेतना फैलाउनु नै हो । जनता माझ जोखिम न्यूनीकरण र प्रकोप व्यवस्थापनका विषयमा व्यापक जनचेतना प्रदान गर्नु पर्छ । मानिसमा चेतना र बलिया संरचना बनाउन सकियो भने वर्षैपिच्छे भूकम्पबाट हुने क्षतिलाई धेरै हदसम्म कम गर्न सकिन्छ ।

नेपालको जस्तो जोखिमयुक्त देशमा सानातिना भूकम्प वा पराकम्प आइरहन्छन् । अझ नेपालको पश्चिमी क्षेत्रमा ठूलो भूकम्प नआएको सयौं वर्ष भयो । त्यहाँ सञ्चित रहेको शक्ति बेला बेला आइरहने यस्तै भूकम्पले केही मात्रामा क्षय गरेको छ ।

तर अझ ठूलो भूकम्पको सम्भावना टरेको छैन । तसर्थ हामी आफैं सजग हुनुका साथै सरकारले उपयुक्त दीर्घकालीन नीति तर्जुमा गरेर कार्यन्व्यन गर्नु उपयुक्त हुन्छ । *साभार:रातोपाटी*

# 'दिमाग खराब' र 'द मार्वल्स'लाई फिल्म हलले कति अनुपातमा बाँडे शो ?



काठमाडौं / फिल्मको सफलतामा शो सबथोक होइन तर यसले बक्स अफिस भविष्यको संकेत भने दिन्छ । दशकअघि निश्चल बस्नेतको 'लुट'लाई क्यूएफएक्सले कम्तीमा १५ हाराहारीमा शो दिएको थियो ।

जसै फिल्मले पिकअप लियो, शोमा वृद्धि भएर शोको संख्या नै ५० भन्दा उकालो लाग्यो । पछिल्लो समय निर्देशक, निर्माता, कलाकारको हाइप हेरेर हलले शो निर्धारण गर्ने गरेका छन् । दशकपछि उनै बस्नेतको पछिल्लो फिल्म 'दिमाग खराब'लाई क्यूएफएक्सले ५८ शो दिएको छ । आईएनआईले १४, वान सिनेमाजले १०, एफक्युबले ६, बिग मुभिजले ५, क्युजले ५, रञ्जनाले ७, सीकेले ५, सिने द सेफले ३ शो दिएका छन् ।'दिमाग खराब'लाई हलले दिएको यो शो भने 'सन्तोषजनक' मात्र हो । हलले अहिलेलाई पहिलो सप्ताहन्त (शुक्रबार र शनिबार)को लागि मात्र शो दिएका छन् । त्यसपछि फिल्मको शो संख्या कसरी अघि बढ्छ, त्यो 'वर्ड अफ माउथ'मा निर्भर हुनेछ ।

शुक्रबार नै प्रदर्शन हुन लागेको हलिउडको प्रतीक्षित सुपर हिरोइन फिल्म 'द मार्वल्स'लाई क्यूएफएक्सले देशभरका आउटलेटमा ४८ शो दिएको छ । यो भनेको क्यूएफएक्सले 'दिमाग खराब'लाई दिएको भन्दा १० शोले कम हो ।

थ्रीडी प्रविधिमा रिलिज हुन लागेको ब्री लार्सन स्टारर यो फिल्म मार्वल सिनेम्याटिक युनिभर्सको पछिल्लो श्रृंखला हो । कुल मिलाए क्यूएफएक्सले 'दिमाग खराब' र 'द मार्वल्स'लाई ४० र ५० को अनुपातमा शो विभाजन गरेको देखिन्छ । आइतबार लक्ष्मीपूजाको दिनमा सलमान खान स्टार बलिउड फिल्म 'टाइगर ३' रिलिज हुँदैछ । त्यसपछि तीन फिल्मलाई हलले शो विभाजन गर्नुपर्ने हुन्छ ।

# विश्वप्रकाशको प्रश्न : रिगलको कैद मिनाहामा सरकारले माफी माग्नुपर्दैन ?

काठमाडौं /नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले योगराज ढकाल (रिगल) को कैद मिनाहाको घटनामा सरकारले माफी माग्नुपर्ने बताएका छन् । न्युज एजेन्सी नेपालसँगको कुराकानीमा उनले रिगलको कैद मिनाहाका विषयमा सरकारले नैतिक जिम्मेवारी नलिएको धारणा राखेका हुन् ।

'सर्वोच्चले गल्ती भयो भनेर फैसला गर्दा समेत कसैले पनि आत्मालोचना गरेको देख्दिनँ । हाम्रो पार्टीको कानुन मन्त्री हुनुहुन्छ, पार्टीको उपसभापति पार्टीको टिमको लिडर सिप गरेर मन्त्रिपरिषदमा उपप्रधानमन्त्री हुनुहुन्छ । कसैले जिम्मेवारी लिनुपर्दैन ? सम्माननीय प्रधानमन्त्रीले यसमा नैतिक जिम्मेवारी आफू वा अरु कसैले लिनुपर्दैन ? बोल्नुपर्दैन ?' उनले प्रश्न गरे ।नेपालगञ्जका चेतन मानन्धर हत्यामा दोषी ठहर भएका योगराज ढकाल (रिगल)लाई ३ असोजमा मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिले कैद मिनाहा गरेका थिए । चेतनकी पत्नी भारती शेर्पाले दिएको रिटमाथि सुनुवाई गर्दै सर्वोच्च अदालतले उक्त कैद मिनाहा बदर गरिदिएको थयो । सर्वोच्चको आदेशपछि रिगल पुन: जेल परेका छन् ।

महामन्त्री शर्माले रिगलको कैद मिनाहाको सिफारिस आएपछि राष्ट्रपति कार्यालयले पनि विचार गर्नुपर्ने धारणा राखे । यस्तो गम्भीर घटना हुँदा पनि राज्यले केही थाहा नपाए जस्तो गरिरहेको भन्दै उनले असन्तुष्टि जनाए ।

'कसै न कसैले कि जिम्मेवारी लिएर राजीनामा गरेर आउनुपर्दथ्यो । कसैले राजीनामाको चरणमा पुग्न नसक्ने हो भने माफी मागेर आउनुपर्दथ्यो सरकारको तर्फबाट । त्यो पनि होइन भने आत्मालोचना हुनुपर्दैन ? कोही छैन जिम्मेवारी लिने ?' उनले प्रश्न गरे ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# पिप्लेक्याम्पा रंगशालामा मंसिरबाट हेटौंडा च्यालेन्ज कप फुटबल

साझाकुरा संवाददाता

हेटौंडा, २१ कात्तिक/ हेटौंडामा पहिलो यू-२१ हेटौंडा च्यालेन्ज कप फुटबल प्रतियोगिता आगामी मंसिर पहिलो हप्ताबाट हुने भएको छ ।

पिप्लेको एफसी मुण्डियाल हेटौंडाको आयोजनामा स्व सुदर्शन घिमिरे स्मृतिमा च्यालेन्ज कप फुटबल प्रतियोगिता हुन लागेको मंगलबार पत्रकार सम्मेलन गरी जानकारी दिइएको छ । 'राष्ट्रिय खेलाडी बन्ने होड, उत्पादनमा जोड' भन्ने नाराका साथ उमेर समूहको प्रतियोगितामा सर्वाधिक र ाशीसहितको फुटबल हुन लागेको आयोजक मुण्डियालका अध्यक्ष सुविन घिमिरेले जानकारी दिए । मकवानपुरका युवा खेलाडी लक्षित प्रोत्साहन गर्न प्रतियोगिताको आयोजना गरिन लागिएको कार्यक्रम संयोजक सुदीप सिं ठकुरीले बताए । फुटबल मंसिर ५ गतेबट १३ गते सम्म हुनेछ । प्रतियोगितामा जिल्ला बाहिरका ३ टिम र जिल्ला ११ वटा टिमसहित १४ वटाले उपाधिका लागि प्रतिस्पर्धा गर्ने भएका छन ।

विजेताले एक लाख ११ हजार १ सय ११ रुपैयाँ प्राप्त गर्नेछन भने उपविजेताले ५५ हजारसहित शिल्ड र मेडल प्राप्त गर्ने जनाइएको छ । विधागत पुरस्कारतर्फ पाँच जना उत्कृष्ट खेलाडीले जनही पाँच हजार प्राप्त गर्नेछन भने प्रत्येक खेलको म्यान अफ दी म्याचमा प्रत्येकले २ हजार ५ सय प्राप्त गर्ने एफसी मुण्डियालका अध्यक्ष सुविन घिमिरेले बताए । प्रतियोगितामा हिली फिल्डर्स गोरखा एफसी, नव जागृति युवा क्लब सिमरा, वीरगञ्ज स्पोटर्स पर्सा, न्यू डाँफे युथ क्लब हेटौंडा, एफसी रिगल हेटौंडा रि सोर्ट, पदमपोखरी फुटबल एकेडेमी, निल गगन युवा क्लब हेटौंडा, सहिद स्मृति क्लब बागमती गाउँपालिका, हेटौंडा फुटबल एकेडेमी, थाहा नगर पालिका, रियल स्टार क्लब हेटौंडा, कमाने फुटबल एकेडेमी हेटौंडा, नागस्वती यूथ क्लब हेटौंडा र आयोजक एफसी मुण्डियाल हेटौंडाले सहभागिता जनाउने कार्यक्रम संयोजक ठकुरीले बताए ।

संयोजक ठकुरीको सभाध्यक्षतामा भएको पत्रकार सम्मेलनमा हेटौंडा उपमहानगर ५ का कार्यबहाक वडाध्यक्ष ज्ञान बहादुर थापा, एन्फाका केन्द्रीय सदस्य टिकार ाम लामा, प्रदेश खेलकुद परिषद्का सदस्य माधव तिमल्सिना, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेष खड्की, पिप्ले युवा क्लबका सल्लाहकार यमबहादुर श्रेष्ठलगायतको आतिथ्यता रहेको थियो ।

# भारतबाट भित्रिएको दूध ट्यांकर रातोमाटेबाट नियन्त्रणमा

हेटौंडा, २१ कात्तिक/ हेटौंडा उपमहानगरपालिका-१५, स्थित रातोमाटेबाट प्रहरीले भार तबाट अबैध तरिकाले आएको एक ट्यांकर दूध नियन्त्रणमा लिएको छ ।

बिल नभएको र गूणस्तर को प्रमाणपत्र समेत नभएको एक ट्यांकर दूध हेटौंडा उपमहानगर पालिका भित्रिँदै गरेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिएको हो । संघीय सरकारले भारतबाट आइर हेको दूधलाई नियन्त्रण गर्न नसक्दा किसानहरु मारमा पर्दै आएका छन । नियन्त्रणमा लिएको दूध क्वार ेन्टाइनलाई जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहर ी उपरिक्षक सिताराम रिजालले जानकारी दिए ।

पछिल्लो समय भार तबाट अबैध तरिकाले भित्रिएको दूधका कारण यहाँका किसानहरुले उत्पादन गरेको दूध बिक्री हुन समस्या भइरहेको छ । तर, मकवानपुर लगायतका देशका विभिन्न जिल्लामा रहेका निजी डेर ी उद्योगहरुले भारतबाट सस्तोमा दूध खरिद गरेर महगोमा बिक्री बितर ण गर्दै आएको आरोप छ ।



## जय शिव शम्भो

## धार्मिक यात्रामा जाने हो ?



मथुरा, वृन्दावनको लागि
२०८० मंसिर १४ गते
रिजर्भ बस खुल्दैछ

*(दर्शनीय स्थानहरु: राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)*

भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।
(विहान बेलुकाको खानासहित)

*(नोट: रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)*

**सम्पर्क:**
गोपाल थापा
हेटौंडा बसपार्क
९८४५२९७६८१


# बीबीएस चौँथो वर्षमा ८८ प्रतिशत उत्तीर्ण

हेटौंडा, २१ कात्तिक/ उत्तरी मकवानपुरको अग्रणी शैक्षिक संस्था पालुङ क्याम्पसबाट बीबीएस चौँथो वर्षको परीक्षामा ८८ प्रतिशत विद्याथी उत्तीर्ण भएका छन ।

उत्तरी क्षेत्रमा पालुङ क्याम्पसमा मात्रै स्नातक तहको पढाइ हुने गरेको छ । बीबीएस चौथो वर्षको परीक्षाले पालुङ क्याम्पस शैक्षिक गुणस्तर र नतीजामा उत्कृष्ट ठहरिएको छ । २० कात्तिक सोमबारमा त्रिभुवन विश्वविद्यालयले प्रकाशित गरेको बीबीएस चौँथो वर्षको पर ीक्षाको नतिजाअनुसार पालुङ क्याम्पसबाट ८८ प्रतिशत विद्याथी उत्तीर्ण भएको क्याम्पस प्रमुख राजन मिश्रले जानकारी दिए ।

सहायक प्राध्यापक सन्तोष हमालका अनुसार पालुङ क्याम्पसबाट यसवर्ष ६ जना प्रथम श्रेणीमा उत्तीर्ण भएका छन् । एक जना विद्यार्थीको ८२५ अंक, ७०५ बढी अंक ल्याउने ५ जना छन । उपयुक्त शैक्षिक वातावरण, लगनशील विद्यार्थी, प्रतिबद्ध प्राध्यापक र व्यवस्थापकीय सक्षमताका कारण क्याम्पसले उत्कृष्ट नतिजा हासिल गरेको क्याम्पस प्रमुख मिश्रले बताए । क्याम्पसको नतिजा सार्वजनिक भएपछि थाहा नगर पालिकाका नगर प्रमुखसमेत रहेका क्याम्पस सञ्चालक समिति अध्यक्ष विष्णुबहादुर विष्टले उत्तीर्ण विद्यार्थीलाई बधाइ दिए ।

# थाहामा दुईसय घर लाभान्वित हुने खानेपानी आयोजनाको शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, २१ कात्तिक/ थाहा नगरपालिका वडा नम्बर-१२ मा लिति खानेपानी आयोजनाको शिलान्यास गरिएको छ ।

थाहा नगरपालिकाका नगर उपप्रमुख भरत गोपालीले एक समारोहबाकीच आयोजनाको शिलान्यास गरेका छन । लिति खानेपानी आयोजनाको साँझेदार संस्था च्वाइस नेपालका कन्ट्री डाइर ेक्टर प्रतिक शर्मा, कार्यक्रम निर्देशक किरण न्यौपानेसहितको विशेष उपस्थितिमा नागदहस्थित रिजर्भ भ्वायर ट्यांकी शिलान्यस गरेर आयोजनाको सुरुवात गरिएको हो । वडा नम्बर १२ को नागदह, ब्लेटोल, गौराइटोल, नयाँ घर टोल, कुण्डलीलगायतका गाउँलाई लक्षित गरी खानेपानी आयोजना निर्माण सुरु भएको हो । आयोजनाबाट २ सय ५ भन्दा बढी परिवार लाभान्वित हुने च्वाइस नेपालका प्रताप घिमिरेले जानकारी दिए ।

२ करोड ५९ लाख ९० हजार ५ सय ८ रुपैयाँ लागत अनुमान रहेको आयोजना १८ महिनामा निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको च्वाइस नेपालका कुलप्रसाद तिवारीले जानकारी दिए । नगर पालिकाको तर्फबाट आयोजनाका लागि ६० लाख लगानी रहने छ । गुणस्तरीय खानेपानीको अभावमा र हेका उक्त क्षेत्रका बासिन्दाहरुलाई 'एक घर, एक धारा' नीति अनुसार खानेपानी आपूर्ति गरिने थाहा नगर उपप्रमुख भरत गोपालीले बताए । नागरिकलाई खानेपानीको अभाव हुन नदिन सरकारी तथा गैरसरकारी संघसंस्थासँगको सहकार्यमा खानेपानी आयोजनाहरु निर्माण थालिएको उपप्रमुख गोपालीको भनाइ छ ।

करिब २ किलोमिटर टाढाको घट्टेखोला र मेल खोला मुहानबाट वितरणका लागि पानी ल्याइएको छ । यसअघि एउटै धार ाबाट १० देखि १५ परिवारले पानी थाप्नुपर्ने बाध्यता रहेको यस क्षेत्रमा आयोजना सम्पन्न भए पश्चात सहजै खानेपानी आपूर्ति हुने लिति खानेपानी उपभोक्ता समितिका अध्यक्ष हिरामान घलानले बताए । उनले घरघरमा धारामा पानी आउने भएपछि खुशी व्यक्त गर्दै पानीका लागि श्रमदान गर्न तयार रहेको बताए । खानेपानी आयोजनाको शिलान्यासको अवसर मा आयोजनाका लागि च्वाइस नेपाल मार्फत सहयोग गर्ने हिलिङह्याण्ड फाउण्डेशनमा आवद्ध विदेशीहरुले श्रमदान समेत गरेका थिए ।

# आयोजक नाटेश्वरीलाई उपाधि

हेटौंडा, २१ कात्तिक/ मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-२ नम्बर वडाको आर्थिक सहयोग तथा नाटेश्वरी युवा क्लवको आयोजनामा भएको फुटबल प्रतियोगिताको उपाधि आयोजक नाटेश्वरी युवा क्लवले जितेको छ ।

आयोजक नाटेश्वरी युवा क्लबले लालिमा युवा क्लब फाखेललाई ३-१ गोल अन्तरले पर ाजित गर्दै चाम्पियन बनेको हो । इन्द्रसरोवर-२, स्थित गोलटार खेलमैदानमा भएको उपाधि भिडन्तमा नाटेश्वरी युवा क्लब कुलेखानी प्रथम भयो भने लालिमा युवा क्लब दोस्रो र सिस्नेरी 'ए' टिमले तेस्रो स्थान हात पारेको छ । विजेता बनेको नाटेस्वरी युवा क्लबले उपाधिसहित नगद ५० हजार ट्रफी, मेडल र प्रमाणपत्र पाएको छ भने उपविजेता लालिमा युवा क्लब नगद ३० हजार ट्रफी, मेडल र प्रमाणपत्र र तेस्रो भएको सिस्नेरी 'ए' टिम ले नगद २० हजार ट्रफी, मेडल र प्रमाणपत्र पुरस्कार पाएको छ ।

नाट्श्यवरी युवा क्लब सुलिकोटको आयोजनामा १५ कात्तिकदेखि सञ्चालन भएको प्रतियोगितामा पालिकाको ५ बटै वडाका १० टिमले सहभागिता जनाएका थिए । ईन्द्र सिं लामाको सभाध्यक्षतामा भएको पुरस्कार वितर ण समारोहको प्रमुख अथिति इन्द्रसर ोवर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रल्हाद कार्की रहेका थिए । इन्द्रसरोवर गाउँपालिका वडा नम्बर -२ का अध्यक्ष सुमन श्रेष्ठको विशेष आतिथ्यतामा भएको कार्यक्रममा १ नम्बर वडाका निवर्तमान वडा अध्यक्ष जमान सिं लामा, वडा सदस्य बुद्धिराम लामा, सामाजसेवीहरु र ाजेशबाबु सापकोटा, कृष्णबहादुर लामा, दिलबहादुर लामा, बुद्धिमान स्याङ्तान, वीर बहादुर बललगायत रहेका थिए ।



## सामाजिक सञ्जाल प्रयोग गर्दा सतर्कता अपनाऔं

**सामाजिक सञ्जालमा:**

- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुत, श्रमप्रति अवहेलना हुने,
- शान्ति-सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामाग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने, जस्ता विषयबस्तु पोष्ट वा शेयर गर्नु हुँदैन । त्यस्ता कार्य कानूनत: दण्डनीय हुन्छन् ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

## व्यवसाय दर्ता घुम्ती शिविर सञ्चालनसम्बन्धी सूचना

हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र व्यापार वा पेशा व्यवसाय संचालन गरिरहनु भएकाहरुको लागि आ.व. २०८०/८१ को पौष मसान्तसम्म व्यवसाय दर्ता गर्न आएमा एक पटकको लागी विगत ३ वर्षको मात्र राजश्व लिई व्यवसाय दर्ता घुम्ती परिचालन टोली निम्न वडा ३, ४, ५, ६, ७, ८, ९, ११, १२, १३, १४, १५, १६, १७, १८ र १९ वडाहरुमा मिति २०८० कात्तिक १३ गते देखि पौष मसान्तसम्म तपशिल अनुसारको मितिहरुमा सन्चालन गरिने भएको हुंदा सम्बन्धित व्यवसायी, उद्यमी, सस्थागत विद्यालय, निजी कम्पनि, व्यापार व्यवसाय लगायतका बिभिन्न आयमूलक काममा संलग्न फार्महरुलाई व्यवसाय दर्ता गर्नु हुन जानकारी गराईन्छ । र बांकी वडाका व्यवसायीहरुले आफुलाई पायक पर्ने वडा तथा हे.उ.म.न.पा.को राजश्व शाखामा आई व्यवसाय दर्ता गर्न सकिने छ । साथै व्यवस्थाय दर्ता गर्न आउँदा तपशिलका कागजात लिइ आउनु हुन अनुरोध गरिन्छ ।

**तपशिल:-**

१. व्यवसाय दर्ता निवेदन पत्र ।
२. व्यवसाय अन्य निकायमा दर्ता भएको भए सोको प्रतिलिपी ।
३ आफ्नै छ र भएमा लालपुर्जाको फोटोकपी र चालु आ.व. सम्मको एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी (एकाघरको हकमा मन्जुरीनामा ) ।
४. बहालमा भएमा घर धनिको लालपुर्जाको फोटोकपी र चालु आ.व. सम्मको एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी साथै बहाल सम्झौता पत्रको प्रतिलिपी ।
५. व्यवसायीको नेपाली नागरिकताको फोटोकपी र दुई प्रति पासपोर्ट साइजको फोटो ।
६. कम्पनी/प्रा.लि. को हकमा प्रवन्धपत्र, नियमावली, प्रा.लि.दर्ता प्रमाण पत्रको प्रतिलिपी,अख्तियार नामा लिई दर्ता गर्न आउने व्यक्तिको नागरिकताको प्रतिलिपी, तथा कम्पनीको छाप अनिवार्य ।
७. सर्जिमिन गर्नुपर्ने प्रकृतिका व्यवसायलाई स्थलगत सर्जिमिन मुचुल्का तथा वडाको सिफारिस ।

**पुनश्च :-**

माथि उल्लेखित कागजात नभएमा निम्न कागजाश पेश गर्नु पर्नेछ ।
१. ऐलानी तथा पर्ती जग्गामा अस्थाई बसोबास गर्ने व्यक्तिहरुले जग्गा धनी प्रमाण पुर्जा (निस्सा कार्ड)
२. सम्बन्धित वडा कार्यालयको शिफारिस ।
३. बिगतका सुकुम्बासी समाधान आयोगमा दर्ताको लागि पेश गरेको निस्सा र खानेपानी तथा बिद्युत मिटर जडानको प्रमाइँ लिई आउनु हुन जानकारी गराईन्छ ।

**तपशिलका वडा कार्यालयहरुमा व्यवसाय घुम्तीशिविर सञ्चालन गरिने ५ ।**

| सि.नं. | वडा नं. | मिति |
|---|---|---|
| १ | १९ | २०८०/०७/१३ देखि २०८०/०७/१५ |
| २ | ३ | २०८०/०७/१६ देखि २०८०/०७/१९ |
| ३ | ११ | २०८०/०७/२० देखि २०८०/०७/२२ |
| ४ | १२ | २०८०/०७/२३ देखि २०८०/०७/३० |
| ५ | १३ | २०८०/०८/०४ देखि २०८०/०८/०६ |
| ६ | १४ | २०८०/०८/०७ देखि २०८०/०८/१० |
| ७ | १५ | २०८०/०८/११ देखि २०८०/०८/१३ |
| ८ | १८ | २०८०/०८/१४ देखि २०८०/०८/१७ |
| ९ | १७ | २०८०/०८/१८ देखि २०८०/०८/२० |
| १० | १६ | २०८०/०८/२१ देखि २०८०/०८/२४ |
| ११ | ६ | २०८०/०९/२५ देखि २०८०/०८/२७ |
| १२ | ७ | २०८०/०८/२८ देखि २०८०/०९/०१ |
| १३ | ८ | २०८०/०९/०२ देखि २०८०/०९/०४ |
| १४ | ९ | २०८०/०९/०५ देखि २०८०/०९/०८ |
| १५ | ४ | २०८०/०९/११ देखि २०८०/०९/१३ |
| १६ | ५ | २०८०/०९/१६ देखि २०८०/०९/१८ |

**हेटौडा उपमहानगरपालिका**
**राजश्व प्रशासन शाखा**

## बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
हेटौंडा, मकवानपुर

## प्रस्ताव आव्हान्सम्बन्धी सूचना

*प्रथमपटक सूचना प्रकाशित मिति: २०८०/०७/२१*

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुरको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पशुपन्छी तथा मत्स्यजन्य यन्त्र तथा उपकरण वितरण कार्यक्रम सन्चालनका लागि मकवानपुर जिल्ला अन्तर्गतका ईच्छुक कृषक समूह/सहकारी/निजी उद्यमीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० (तिस) दिनभित्र तपसिलमा उल्लेखित कागजातसहित यस भेटेररिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुरमा आवेदन दर्ता गर्नु हुनका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त भएका आवेदनलाई कार्यक्रमको लागि समावेश गर्न नसकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल:**

१. रु.१०/- को हुलाक टिकट टाँस गरेको अनुसूची २ बमोजिमको निवेदन ।
२. अनुसूची-३ बमोजिमको प्रतिबद्धता पत्र ।
३. मेशिनरी औजार संचालन तथा मर्मत सम्बन्धी तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि ।
४. दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
५. संस्था नविकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा रजिष्टारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र ।
६. आवेदकको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि
७. संस्थाको हकमा निर्णय प्रतिलिपि ।
८. आवेदन प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र ।
९. अधिकार प्राप्त पदाधिकारीको नागरीकताको प्रमाणपत्रको प्रतिलिपि र १ प्रति पासपोर्ट साईजको फोटो ।

नोट: कार्यक्रमको विस्तृत विवरणको लागि ९८५५०२७७३० मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्दन कार्यान्वयन कार्यविधि, २०७९ पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौंडाको बेबसाइट https://dolfd.bagmati.gov.np वा फेसबुक (veterinary hospital makawanpur बाट डाउनलोड गर्न सकिने छ ।

## बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
हेटौंडा, मकवानपुर

## प्रस्ताव आव्हान्सम्बन्धी सूचना

*प्रथमपटक सूचना प्रकाशित मिति: २०८०/०७/२१*

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुरको आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रममा बढीमा ५० प्रतिशत लागत साझेदारीमा कार्यक्रम संचालनका लागि मकवानपुर जिल्लाअन्तर्गत्का इच्छुक मत्स्यपालक कृषक समूह/सहकारी/निजी उद्यमीले यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिन (अन्तिम दिन सार्वजनिक बिदा भएमा भोलिपल्ट अथवा कार्यालय खुलेको दिन) भित्र रु. १० को हुलाक टिकट टाँस गरी पशुपन्छी तथा मत्स्य मिसन कार्यक्रम संचालन कार्यविधि, २०७८ को अनुसूची -३ बमोजिमको आवेदन पत्र र अनुसूची-४ बमोजिमको कार्ययोजना संलग्न राखी भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र हेटौंडा, मकवानपुरमा आवेदन दर्ता गर्नु हुनका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगी तथा म्याद नाघी दर्ता भएका प्रस्तावनाहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

**कार्यक्रमहरु कार्यक्रमको नाम**

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | कार्यक्रमको तर्फबाट प्रति इकाई अनुदान रकम | न्यूनतम मापदण्ड | प्रस्ताव पेश गर्न सक्ने साझेदारी | संचालन गर्न सकिने क्रियाकलापहरु |
|---|---|---|---|---|---|---|---|
| १ | मत्स्य पोखरी क्षेत्र विस्तार तथा उत्पादकत्व बृद्धि कार्यक्रम | हेक्टर | ५ | प्रति हेक्टर बढीमा ५ लाख वा लागतको ५० प्रतिशत नबढ्ने गरी । | नयाँ मत्स्य पोखरी निर्माण गर्नुपर्ने । | कृषक समूह निजी/सहकारी/उद्यमी | नयाँ मत्स्य पोखरी निर्माण । |

**आवेदन पत्रसाथ संलग्न गर्नुपर्ने कागजातहरु:**

१. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि ।
२. कृषक समूह/सहकारी/निजी उद्यमी दर्ता र PAN दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. गत आ.व. को लेखा परीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. कृषक समूह/समिति/सहकारी साझेदारको हकमा बैठक निर्णयको प्रतिलिपि ।
५. जग्गाको स्वामित्व देखिने प्रमाणपत्रका जग्गा भाडामा लिएको भए कम्तीमा पाँच वर्ष करार सम्झौता पत्र
६. सम्बन्धित स्थानीय तहको सिफारीस ।
७ अनुसूची -६ बमोजिमको कार्य स्थान खुन्ने नक्सा ।
८. समूह/सहकारीले अनुदान माग गर्दा अनिवार्यरूपमा कृषक छनौट गरी कृषकको नाम र ठेगना खुलाइएको पत्र ।
९.आवेदकले विगतका वर्षमा सोही प्रकृतिको कार्यक्रममा २ लाखभन्दा बढी अनुदान लिएको वा २ भन्दा कम अनुदान रकम लिएको भए अनुदान रकमको सदुपयोग गरेको स्व-घोषणा पत्र ।
१०. कुनै बित्तिय संस्था या सरकारी निकायको कालो सूचीमा नपरेको स्वघोषणा पत्र
११. वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धि स्व-घोषणापत्र ।

नोट: कार्यक्रमको विस्तृत विवरणको लागि ९८५५०२७७३० मा सम्पर्क गर्नुहुन अनुरोध छ, अनुसुचिहरु तथा आवश्यक अन्य कागजजातहरु यस कार्यलयको सूचना पाटी, कृषि तथा पशुपनछी विकास मन्त्रालयको वेवसाइट https//molmac.bagamati.gov.np/वा कार्यलयको फेसबुक (Veterinary Hospital makawanpur) बाट डाउनलोड गर्न सकिन्छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना